# अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ (AIN) ले दशौं योजना/गरिबी निवारण रणनीतिपत्रको कार्यान्वयनमा पुऱ्याएको योगदानको समीक्षा

(गरिबी निवारण रणनीतिपत्र २००२-२००७)

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ, नेपाल

(जुलाई २००५)

# विषयसूची


पृष्ठ

प्राक्कथन आ

संक्षेपीकृत शब्दहरू ई

निष्कर्ष तथा सिफारिसहरू १-४

१.० प्रारम्भिक

१.१ उद्देश्य ५

१.२ अध्ययनको पद्धति ५

१.३ अध्ययनका सीमाहरू ५

२.० गरिबी निवारण रणनीतिपत्रको सन्दर्भमा श्री ५ को सरकारको आ.व. २०६१/०६२ को विकास बजेटको समीक्षा ७

२.१ नेपालको अर्थतन्त्रको संक्षिप्त सिंहावलोकन ७

२.२ दशौं योजना/गरिबी निवारण रणनीतिपत्र ८

२.३ दशौं योजना/गरिबी निवारण रणनीतिपत्रका चार आधारस्तम्भहरू ८

२.४ आधारस्तम्भगत बजेट विनियोजन ९

२.५ प्रतिबद्धता जनाइएको रकम र यथार्थ खर्च १०

३.० अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको गरिबी निवारण रणनीतिपत्रमा योगदानको समीक्षा

३.१ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ, नेपालको संक्षिप्त सिंहावलोकन १३

३.२ अगैससंसं नेपालको सन् २००५ को वार्षिक बजेट १३

३.३. गरिबी निवारण रणनीतिपत्रको लक्ष्यका सन्दर्भमा अगैससंसं नेपालका कार्यक्रमहरू १४

३.४ गरिबी निवारण रणनीतिपत्रका विभिन्न क्षेत्रमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा विनियोजित साधनस्रोत १६

४.० गरिबी न्यूनीकरण कार्यक्रममा प्रभाव १९

५.० अनुसूचीहरू २१-२२

# प्राक्कथन

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ (अगैससंसं)/[Association of International NGOs in Nepal (AIN)] नेपालमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको अनौपचारिक सञ्जाल हो । यो संघ सदस्य संस्थाहरूबीच पारस्परिक समझदारी अभिवृद्धि गर्ने, एक-आपसमा सूचना आदान-प्रदान गर्ने तथा नेपालमा विकास निर्माणका कार्य गर्दा प्राप्त अनुभव र सिकाइलाई एकआपसमा बाँड्दै अझ बढी प्रभावकारी साझेदारी प्रवर्द्धन गर्ने उद्देश्यले गठन गरिएको हो । अहिले यस संघमा नेपालको विकास प्रयासमा विभिन्न क्षेत्र र सबालमा क्रियाशील ५० भन्दा बढी अगैससं आबद्ध छन् । द्वन्द्वको अवस्थाबाट गुज्रिरहेको मुलुकमा काम गर्नुपर्ने टड्कारो आवश्यकतालाई महसूस गरी अगैससंसं नेपालले आफ्ना साधनस्रोतहरू नेपालका सुविधाविहीन/उपेक्षित जनता विशेषगरी विद्यमान द्वन्द्वबाट प्रभावित जनसमुदायका लागि खर्च गर्ने गरेको छ । समयको अन्तरालसँगै अगैससंहरूले नेपालको विकासमा प्रमुख हिस्सेदार र सहकर्मीका रूपमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् र हामी सरकार, दातृसमुदाय, नागरिक समाजका विभिन्न क्षेत्रहरू, गैरसरकारी संस्था तथा समाजका गरीब र असमाहित जनताहरूसँग निरन्तर सम्पर्कमा रही कार्य गर्दै नै रहनेछौँ ।

गरिबी निवारण रणनीतिपत्र/दशौं योजना (२००२-०७) सरकारको मध्यमकालीन रणनैतिक योजना दस्तावेज हो । यस योजनाले विभिन्न चार प्रमुख आधारस्तम्भहरूमा केन्द्रित रहेर गरिबी घटाउने रणनीति अख्तियार गरेको छ । यी ४ आधार स्तम्भहरू हुन्- उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने, मानव विकासमा जोड दिँदै सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास गर्ने, सामाजिक समावेशीकरणमा विशेष जोडका साथ लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने र सुशासन प्रवर्द्धन गर्ने ।

नेपालमा अगैससंहरूले गरिबी निवारण र दिगो विकासका क्षेत्रमा सञ्चालन गरेका कार्यक्रमहरू गरिबी निवारण रणनीतिपत्रका प्रमुख उद्देश्य अनुरूपकै छन् । अगैससंसंले नेपालमा सञ्चालन गरेका विकास कार्यहरू मूलतः जनमुखी र स्थानीय निकायसित साझेदारीमा सञ्चालन गर्ने प्रकृतिका छन् जसले सामाजिक विभेद, कमजोर शासन, पूर्वाधारहरूको अभाव, सामाजिक क्षेत्रको विकास, द्वन्द्व व्यवस्थापन, शान्ति स्थापना लगायत विषयहरूलाई उचित सम्बोधन गर्दछन् । यी उद्देश्य प्राप्तिका लागि संघ, सरकारलगायत सम्बद्ध निकायहरूसँग पहिचान गरिएका वा तोकिएका क्षेत्रमा गठबन्धन गर्न, सञ्जाल बनाउन र सहकार्य गर्न उद्यत छ ।

यस परिप्रेक्ष्यमा संघले गरीबी निवारण रणनीतिपत्रको उद्देश्य प्राप्तिका लागि आफूले गरेका कार्यहरू, खर्च गरेको साधनस्रोत तथा पुऱ्याइआएको योगदानसम्बन्धमा एक समीक्षा गरेको थियो । हामीलाई विश्वास छ यसबाट नेपालको विकास प्रयासमा थप एकीकृत शक्ति जुटाउन र भविष्यमा संघका सदस्य संस्थाहरू तथा श्री ५ को सरकारसमेतका विकासकर्मी संघ-संस्थाहरूबीच उचित साझेदारी विकास गर्न पनि सहयोग पुग्नेछ । यसका अतिरिक्त, संघले आफ्नो संलग्नता बढाउनुपर्ने क्षेत्रहरूको पहिचान गर्न पनि मद्दत पुग्नेछ ।

तसर्थ यो प्रतिवेदनले गरिबी निवारण रणनीतिपत्रका सम्बन्धमा मुलुकको विकास बजेटको समीक्षा गरी प्राप्त निष्कर्ष सार्वजनिक गरेको छ । साथै, गरिबी निवारण रणनीतिपत्रमा उल्लिखित उद्देश्यप्राप्तिका सन्दर्भमा संघले विकास बजेट तथा कार्यक्रमहरूमा पुऱ्याउँदै आएको योगदानसम्बन्धमा पनि यस प्रतिवेदनले प्रकाश पार्नेछ ।

हामीलाई आशा छ कि यो प्रतिवेदन नेपालको विकासका लागि क्रियाशील सबैलाई सूचनामूलक र उपयोगी हुनेछ । खासगरी श्री ५ को सरकार र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई मुलुकमा अनुकूल विकास वातावरण तयार गर्न तथा सरकारले अगैससंसँग साझेदारी गरी सञ्चालन गर्नसक्ने विभिन्न क्षेत्रहरूको पहिचान गर्नमा यस प्रतिवेदनले ठोस सघाउ पुऱ्याउने आशा लिइएको छ ।

हार्दिक शुभेच्छाका साथ,
अगैससंस सञ्चालक समितिका सदस्यहरू

डा.शिवेशचन्द्र रेग्मी
अध्यक्ष, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ, नेपाल
राष्ट्रिय निर्देशक , एक्सनएड नेपाल ।

| | | |
|---|---|---|
| राईनहार्ड फिट्ल<br>सचिव, अगैससंसं<br>राष्ट्रिय निर्देशक, टी.डी.एच् | जेनि कोलिन्स<br>कोषाध्यक्ष, अगैससंसं<br>कार्यकारी निर्देशक, यू.एम.एन्. | मिन्टी पाण्डे<br>सदस्य, अगैससंसं<br>राष्ट्रिय निर्देशक, प्लान |
| केइथ लेज्ली<br>सदस्य, अगैससंसं<br>निर्देशक, एस्.सी.एफ्,यू.एस्. | आशा बस्न्यात<br>सदस्य, अगैससंसं<br>राष्ट्रिय निर्देशक, एफ्.एच्.आई. | चन्दा राई<br>सदस्य, अगैससंसं<br>प्रमुख कार्यकारी, बी.एन्.एम्.टी. |
| शशि रिजाल<br>सदस्य, अगैससंसं<br>ओ.डी.ए.संयोजक, एल्.डब्लु,एफ्. | इईचि सादामात्सु<br>सदस्य, अगैससंसं<br>आवासीय प्रतिनिधि एस्.सी.एफ्.,जापान | |

# संक्षेपीकृत शब्दहरू

| संक्षेपीकृत रूप | पूरा रूप |
|---|---|
| **नेपाली शब्दहरू** | |
| अगैससं | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| अगैससंसं | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ, नेपाल |
| गनिरप | गरिबी निवारण रणनीतिपत्र |
| गैससं | गैरसरकारी संस्था |
| यूएन्डीपी | युनाइटेड नेशन्स डेभलपमेण्ट प्रोग्राम |
| रायोआ | राष्ट्रिय योजना आयोग |

**अङ्ग्रेजी शब्दहरू**

| | |
|---|---|
| AIN | Association of International NGOs in Nepal |
| INGOs | International Non-governmental Organizations |
| NGOs | Non-governmental Organizations |
| PRSP | Poverty Reduction Strategy Paper |

# निष्कर्ष तथा सिफारिसहरू

निष्कर्षः

- नेपालको विकास प्रयासको सर्वोपरि उद्देश्य गरिबी निवारण नै हो । विगतका दशकहरूमा विकासका कतिपय क्षेत्रमा उल्लेखनीय प्रगति हासिल भए तापनि मुलुकमा गरिबी उल्लेख्य परिमाणमा घट्न सकेको छैन । गरिब समुदायभित्र पनि बाँच्नका लागि अत्यन्त कमजोर भूमि र जोखिमपूर्ण पर्यावरणीय प्रणालीमा आश्रित जनता सघन गरिबीमा डुबेका छन् । मुलुकको ठूलो भू-भाग अद्यापि आधारभूत पूर्वाधार सुविधाहरूबाट समेत वञ्चित छ । गरिबीको अवस्था पनि एकै नाशको छैन । ग्रामीण र शहरी विभाजन, भौगोलिक अवस्थिति, लैङ्गिक, जातीय तथा पेशागत वर्गीकरण आदिका कारण गरिबीको तहमा ठूलो अन्तर पाइन्छ । दशौं योजना/गरिबी निवारण रणनीतिपत्रले यिनै महत्वपूर्ण विषयमा थप प्रतिबद्धता व्यक्त गरेको छ । यसको एकमात्र उद्देश्य गरिबी निवारणका प्रयासहरूलाई उल्लेखनीय र दिगो रूपमा अघि बढाउँदै योजनाको शुरूको वर्षमा ३८% मा रहेको गरिबीलाई योजनाको अन्त्यसम्ममा ३०% मा र आगामी १५ वर्षभित्र १०% मा ओराल्नु हो (दशौं योजना, २००२-०७) ।

- दशौं योजनामा उल्लिखित लक्ष्य र उद्देश्यअनुरूप सरकारले आ.व. २०६१/६२ मा रू. १ खरब ११ अरब ७० करोड बजेट प्रस्ताव गरेको छ जसमध्ये रू. ६४ अरब ५० करोड साधारण प्रशासनिक खर्च र ऋणको भुक्तानीका लागि तथा रू. ४७ अरब २० करोड अन्य कार्य (विकास कार्य)का लागि छुट्याइएको छ । यो रकम कुल बजेटको क्रमशः ५८% र ४२% हुन आउँछ । सो बजेटमा वैदेशिक सहायताको अंश (ऋण र अनुदान दुबै गरी) रू. ३२ अरब ३१ करोड छ जुन विकासको लागि छुट्ट्याइएको रकम रू. ४७ अरब २० करोडको करिब दुई तिहाई हुन्छ । यसबाट मुलुकको विकास कार्यमा वैदेशिक सहायताको प्रभावकारी भूमिका रहेको स्पष्ट हुन्छ । उदाहरणका लागि आ.व.२०६१/६२ मा रू. ४१ अरबको वित्त घाटा पूर्तिका लागि ( रू. १ खरब १५ अरब खर्च र ७४ अरब राजस्व) सरकारले रू. ३२ अरब वैदेशिक सहायता (रू. १५ अरब अनुदानका रूपमा र रू. १७ अरब ऋणका रूपमा) परिचालन गर्ने लक्ष्य राखेको थियो । यद्यपि पछि मुलुकमा बढ्दै गएको द्वन्द्वको कारण पहिले प्रस्ताव गरेबमोजिमको विकास बजेट परिचालन गर्न असमर्थ भएपछि सरकारले केवल रू. २० अरब (रू.११ अरब अनुदान र रू.९ अरब ऋण) मात्र वैदेशिक सहायता परिचालन गर्ने संशोधित अनुमान प्रस्तुत गरेको थियो ।

- अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ, नेपाल (AIN) को स्थापना नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको पहलमा सन् १९९४ मा भएको हो । अधिराज्यका पहाडी, हिमाली तथा तराई सबै क्षेत्रमा थुप्रै, महत्वपूर्ण जनमुखी विकास कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन गर्दै आएको यो संघ नेपालको विकास अभियानमा एक महत्वपूर्ण र सक्रिय पात्रका रूपमा रहेको छ । अगैससंहरूको विकास कार्यमा सक्रिय सहभागिता रहेको छ । यिनीहरूले सन् २००५ मा विकास कार्यक्रमहरूका लागि छुट्याएको करिब रू. ७ अरब बजेटले विकास कार्यमा यिनीहरूको उपस्थितिलाई महत्वपूर्ण साबित गर्दछ । यो बजेट यिनीहरूको आफ्ना

देशका नागरिकहरूबाट जम्मा हुनआएको तथा दाताहरू वा अन्य द्विपक्षीय निकायहरू मार्फत् उपलब्ध हुन आएको छ । अगैससंस्थाहरूको गरिबी निवारण कार्यक्रम तथा अरू विकास प्रयासमा रहेको संलग्नता दशौं योजनाको भावनाअनुरूप नै छन् । दशौं योजनाले निजी तथा अन्य क्षेत्रहरूलाई पनि विकासकर्मीका रूपमा स्वीकार गरी योजनाका उद्देश्यहरू प्राप्त गर्न सरकारलाई सघाउन आह्वान गरेको परिप्रेक्ष्यमा अगैससंहरूले पनि विकास कार्यमा ठूलो चासो देखाउँदै आएका छन् ।

- अगैससंसंघ, जसले ५० भन्दा बढी अगैससंहरूको प्रतिनिधित्व गर्दछ, गरिबी घटाउने उद्देश्य प्राप्तिका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेर नेपालको विकास कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । संघसँग आबद्ध  संस्थाहरूले दशौं योजनाको चार महत्वपूर्ण क्षेत्रलाई सम्बन्धित तुल्याएर आफ्नो साधन र स्रोतहरूको विनियोजन गरेबाट उनीहरूको प्राथमिकता आधारभूत सेवाहरू तथा आर्थिक पूर्वाधारहरू विकास गर्ने, गरिब तथा असमाहित जनताको क्षमता, सीप तथा योग्यता विकास गर्ने, सुविधाविहीन, उपेक्षित तथा सीमान्त वर्गका मानिसहरूलाई उनीहरूको जीविका तथा आम्दानीको स्तरमा सुधार ल्याउन सहयोग गर्ने, उनीहरूलाई विपत्ति, विस्थापन, मानवीय सङ्कट लगायतका आकस्मिक घडीमा राहत तथा उद्धार कार्यक्रमहरू सञ्चालन गर्नेतर्फ केन्द्रित रहेको स्पष्ट हुन्छ ।

- संघका सदस्य संस्थाहरूको सन् २००५ को कुल वार्षिक बजेट करिब रू. ७ अरब ३० करोड रहेको बताइएको छ । सम्बद्ध सरकारी निकायहरूबाट अगैससंसित समयमै गर्नुपर्ने आयोजना सम्झौताकार्यमा भएको प्रक्रियागत ढिलाइका कारण करीब ७० करोड रूपैयाँ त्यसै गुम्न गएको देखिन्छ । अगैससंको २००५ जून महिनामा पेश भएको संशोधित बजेट अनुमानमा मुलुकको विकास बजेटमा उनीहरूको योगदान करीव रू. ६ अरब ७० करोड मात्र रहनुले यो कुरालाई पुष्टि गर्दछ । यसो भएपनि मुलुकको विकास बजेटप्रतिको बढ्दो आवश्यकतालाई हृदयङ्गम गर्दै संघका सदस्यहरूले उनीहरूको सन् २००४ को रू. ५ अरब ८० करोड बजेटमा १५% ले वृद्धि गरी सन् २००५ मा रू. ६ अरब ७० करोड पुऱ्याएका छन् ।

- अगैससंको सन् २००५ को कुल रू. ६ अरब ६६ करोडको बजेटले सरकारको कुल क्षेत्रगत रणनैतिक साधन स्रोत विनियोजन (रू.४७ अरब २० करोड) को १४ % भन्दा बढी हिस्सा ओगटेको छ । जबकि गरिबी निवारण रणनीतिपत्रको कार्यान्वयनका लागि साधन जुटाउने प्रमुख स्रोतका रूपमा रहेको वैदेशिक सहायता  (रू. ३२ अरब ३१ करोड) र आन्तरिक तथा अन्य स्रोतहरू (रू. १४ अरब ८९ करोड) सँग दाँजेर हेर्दा अगैससंहरूको योगदान क्रमश: २१% र ४५%  को हाराहारीमा आउँछ । यसमा द्विपक्षीय तथा बहुपक्षीय दातृसंस्थाहरूबाट प्राप्त हुने बाहिरी स्रोतलाई समेत जोडेर हेर्ने हो भने कुल विकास खर्च रकम रू. ३८ अरब ९७ करोड हुनआउँछ जुन नेपाल जस्तो गरिब राष्ट्रका लागि ठूलो स्रोत हो ।

- सन् २००५ मा अगैससंका सदस्य संस्थाहरूले आफ्नो उद्भव भएको राष्ट्रमा कोष संकलन अभियान सञ्चालन गरेर तथा आफ्नो नीति एवं कार्यक्रमप्रति समर्थन जनाउने व्यक्ति तथा संस्थाहरूबाट समर्थन कोष (Solidarity Fund) खडा गरी कुल रू. ५ अरब १३ करोड रकम परिचालन गरेका छन् । करिब रू. १ अरब ५३ करोड रकम नेपालभित्रै द्विपक्षीय तथा बहुपक्षीय दाताहरूबाट संकलन गरेका छन् । यसको

आधारमा विश्लेषण गर्दा अगैससंको कुल बजेटमा नेपाल बाहिर परिचालन गरिएको हिस्सा ७७% र मुलुकभित्र परिचालन गरेको रकमको हिस्सा २३% मात्र हुन आउँछ ।

- द्विपक्षीय तथा बहुपक्षीय दाताहरूबाट अनुदान तथा ऋण दुबै गरी शुरूमा उपलब्ध गराउन प्रतिबद्धता जनाइएको वैदेशिक सहायतासम्बन्धी अनुमान (रू. ३२ अरब ३१ करोड)मा अगैससंहरूको रू. ६ अरब ६७ करोडको विकास बजेटको योगदानको अंश करिब २१% छ । सो योगदान सरकारले पछि वैदेशिक सहायताको अनुमानमा संशोधन गरेर रू. २१ अरबमा झारेपछि बढेर करिब ३२% हुन पुगेको देखिन्छ ।

- अगैससंले दशौं योजनामा उल्लेख गरेका चार प्रमुख आधारक्षेत्रमा गरेको क्षेत्रगत विनियोजन निम्नानुसार छ : रू. १ अरब ५४ करोड उच्च दिगो र फराकिलो आर्थिक वृद्धिका लागि, जुन श्री ५ को सरकारको तर्फबाट सोही क्षेत्रका लागि छुट्ट्याइएको बजेटको ८.६४% हुन आउँछ । रू. ३ अरब १७ करोड मानव विकास तथा सामाजिक क्षेत्रका लागि, जुन सरकारीस्तरबाट यस क्षेत्रमा विनियोजित बजेटको १४.९५% हुनआउँछ । रू. १ अरब २१ करोड सामाजिक समावेशीकरण तथा लक्षित कार्यक्रमहरूका लागि, जुन सरकारीस्तरबाट छुट्याइएको बजेटको ४३.८४% हुनआउँछ र रू. ४२ करोड सुशासनका लागि, जुन सरकारी बजेटको ७.७६% हुनआउँछ ।

**सिफारिसहरू:**

वैदेशिक सहायताले नेपालीहरूको विकासको चाहनालाई मूर्तरूप दिन तथा मुलुकको भुक्तानी सन्तुलनलाई सुदृढ तुल्याउन महत्वपूर्ण योगदान गरेको छ । एशियाली विकास बैङ्कद्वारा हालै प्रकाशित Measuring the Economic Costs of Conflict: The Effect of Declining Development Expenditure शीर्षकको प्रतिवेदनमा मुलुकको आर्थिक वृद्धि १.९% ले घटेको र विकास खर्च वर्तमान मूल्यमा ४.२% ले घटेको उल्लेख छ । यसभन्दा बढी, १२ हजार मानिसहरूको जीवन अकालमै समाप्त हुनपुगेको र द्वन्द्व शुरू भएयता कम्तीमा पनि २५ करोड अमेरिकी डलर बराबरको भौतिक क्षति हुनपुगेको छ । सन् २००१ देखि हालसम्म विकास खर्च करिब ३३% ले घटेको छ जबकि सरकारले सुरक्षा खर्च भने झण्डै दुईगुणाले बढाएको छ । मुलुकको यो आर्थिक र सामाजिक स्थितिलाई दृष्टिगत गर्दा गरिबी घटाउने तथा दिगो र उच्च आर्थिक वृद्धिदर हासिल गर्ने सन्दर्भमा वैदेशिक सहायताको उच्चतम परिचालन र उपयोगको विषय अत्यन्त महत्वपूर्ण देखिन्छ । आजको अशान्त र बिग्रँदो सामाजिक तथा आर्थिक परिस्थितिमा अन्य दातृसंस्थाहरूसँगै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुनआएको छ ।

- श्री ५ को सरकारले विकासका लागि अनुकूल वातावरण तयार गर्नु जरूरी छ जसले गर्दा गैससं तथा अगैससंहरूको दुर्गम क्षेत्र तथा असमाहित जनतामा पहुँच वृद्धि हुनसकोस् ।

- श्री ५ को सरकारले अगैससंलाई मुलुक र यसका पीडित जनताका निम्ति बढी आर्थिक स्रोतहरू परिचालन गर्न प्रोत्साहित गर्नुपर्दछ । साथै यिनीहरूलाई सुरक्षित भएर काम गर्नसक्ने वातावरण सिर्जनाका लागि आवश्यक कानूनी संरचना तयार गरिदिनु पर्दछ ।

- श्री ५ को सरकारले सामान्य सम्झौता तथा आयोजना सम्झौतालाई समयमै सम्पन्न हुने व्यवस्था मिलाई आयोजना कार्यान्वयनलाई गति दिन प्रशासकीय कार्यप्रणालीमा ठोस सुधार गर्नुपर्दछ ।

- नेपालको विकास प्रयासमा अगैससंहरूको योगदान महत्वपूर्ण रहेको (यस समीक्षा प्रतिवेदनको निष्कर्ष) परिप्रेक्ष्यमा यी संस्थाहरूले आफूले नेपालमा सञ्चालन गरेका कार्यहरूको प्रभाव/असर लेखाजोखा गर्न आवधिक रूपमा (व्यक्तिगत वा सामूहिक तवरमा) विस्तृत अध्ययन गर्नु जरूरी छ ।

## १.प्रारम्भिक

### १.१ उद्देश्य

प्रस्तुत अध्ययनको बृहत् उद्देश्य नेपालमा गरिबी निवारणको क्षेत्रमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पुऱ्याएको योगदानलाई आँकलन गर्ने क्रममा अगैससंसंघले दशौं योजनाका चार मुख्य आधारभूत क्षेत्रमा सघाउ पुग्ने गरी आर्थिक वर्ष २०६१/६२ मा गरेको योगदानको विश्लेषण गर्नु हो ।

सो उद्देश्य पूर्तिका लागि निम्न कार्यहरू गरिएका छन् :

- गरिबी निवारण रणनीतिपत्रको सन्दर्भमा नेपालको विकास बजेटको समीक्षा
- अगैससंसंघको गरिबी निवारण रणनीतिपत्रमा योगदानको समीक्षा
- गरिबी निवारण रणनीतिपत्रसम्बन्धमा अगैससंसंघद्वारा सञ्चालित कार्यक्रमहरूको समीक्षा
- अगैससंसंघको बजेटका स्रोतहरूको समीक्षा

### १.२ अध्ययनको पद्धति

यस अध्ययनले प्राथमिक तथा द्वितीय स्रोतबाट उपलब्ध हुनआएका संख्यात्मक र गुणात्मक दुबै तथ्यहरूलाई उपयोग गरेको छ । प्रश्नावली मार्फत् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सन् २००४ मा भएको यथार्थ खर्च र सन् २००५ को बजेटसम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको थियो । यसक्रममा उनीहरूलाई सन् २००५ को वार्षिक बजेटबाट गरिबी निवारण रणनीतिपत्रका चार प्रमुख क्षेत्रमा के कति रकम बाँडफाँड गरिएको थियो सो को तथ्याङ्क, साधन उपलब्ध गराउने स्रोत तथा खर्चका शीर्षकहरूसमेतको विवरण उपलब्ध गराउन अनुरोध गरिएको थियो । त्यसैगरी अर्थ मन्त्रालय, नेपाल राष्ट्र ब्याङ्क, राष्ट्रिय योजना आयोग तथा अन्य सम्बद्ध निकायहरूबाट सहायक (Secondary) तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको थियो । यसका अलावा पहिला भएका अध्ययन तथा तयार गरिएका प्रतिवेदनहरूबाट पनि आवश्यक सूचना तथा तथ्यहरू साभार गरिएको छ ।

### १.३ अध्ययनका सीमाहरू

अगैससंसंघ नेपाल (AIN) मा आबद्ध संस्थाहरू ५२ वटा भए तापनि यस अध्ययनले केवल ५० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसम्बन्धी सूचनालाई मात्र समेटेको छ । यस संस्थासँग आबद्ध कतिपय सदस्य संस्थाहरूबाट आवश्यकता बमोजिमका सबै सूचना तथा तथ्याङ्कहरू उपलब्ध हुननसक्दा अध्ययनको दायरा केही सीमित हुनपुगेको छ । खासगरी कतिपय संस्थाहरूमा खोजेको बेला मुख्य कर्मचारीहरू नभेटिनु र कतिपयमा संस्थाको योजना तथा बजेटलाई गरिबी निवारण रणनीतिपत्रअनुसारका चार आधारभूत क्षेत्रसँग सम्बन्धित तुल्याएर तथ्याङ्क एवं सूचना दिनसक्ने अतिरिक्त क्षमता र सीप भएका जनशक्तिको कमी, अध्ययनका क्रममा सबैभन्दा खट्किने विषयका रूपमा रह्यो । अर्को सीमा अगैससंसंको कुल बजेट र दशौं योजनामा उल्लेख भएअनुसार चारवटा क्षेत्रमा गरिएको बजेट बाँडफाँडबीच देखिएको भिन्नता पनि हो । प्रशासकीय तथा अन्य साधारण खर्चलाई क्षेत्रगत विनियोजनमा समावेश गर्ने वा नगर्ने जस्ता द्विविधाका कारण संघको कुल बजेट र विनियोजित क्षेत्रगत

बजेटबीच अन्तर पैदा हुनआएको देखिन्छ । यस अध्ययनले समेट्नु पर्ने महत्वपूर्ण विषय हुँदाहुँदै पनि सरकारी तथा अगैससंहरू दुबैबाट तथ्याङ्क उपलब्ध हुननसक्दा विकास खर्चको विस्तृत उपक्षेत्रगत विश्लेषण (जस्तै खानेपानी, शिक्षा, लघुकर्जा, सरसफाइ आदि) भने यस अध्ययनमा समावेश गर्न सकिएको छैन ।

## २.० गरिबी निवारण रणनीतिपत्रको सन्दर्भमा श्री ५ को सरकारको आ.व. २०६१/६२ को विकास बजेटको समीक्षा

### २.१ नेपालको अर्थतन्त्रको संक्षिप्त सिंहावलोकन

१,४७,१८१ वर्ग कि.मि. क्षेत्रफल र करिब २ करोड ५० लाख जनसंख्या भएको नेपाल दक्षिण एशियाको एक भू-परिवेष्टित मुलुक हो । यसको पूर्व, पश्चिम र दक्षिणतर्फका सीमा भारतसँग र उत्तरी सीमा चीनसँग जोडिएका छन् । विश्व ब्याङ्कद्वारा २००४ अगष्टमा प्रकाशित प्रतिवेदनमा नेपाललाई दक्षिण एशियाकै सबैभन्दा गरिब राष्ट्रको रूपमा उल्लेख गरिएको छ । नेपालको प्रतिव्यक्ति वार्षिक आय अमेरिकी डलर २४० मात्र छ । नेपालको मानव गरिबी सूचकाङ्क ३९.६% अनुमान गरिएको छ जुन विश्व मानव विकास प्रतिवेदन २००४ मा उल्लिखित ४१.२% तथ्याङ्कको नजिक छ । नेपालको मानव गरिबी सूचकाङ्क बङ्गलादेश र पाकिस्तान बाहेक दक्षिण एशियाका अन्य सबै देशहरूभन्दा उच्च रहेको छ ।

नेपालमा ग्रामीण क्षेत्रको गरिबी (४२%) शहरी क्षेत्रको गरिबी (३५.२%) भन्दा बढी रहेको छ । गरिबीको मात्रा हिमाली क्षेत्रमा सबैभन्दा उच्च रहेको छ । तराई र पहाडी क्षेत्र गरिबीको दृष्टिले क्रमशः दोस्रो र तेस्रो स्थानमा आउँछन् । मुलुकको ९०% भन्दा बढी जनता ग्रामीण क्षेत्रमा बसोबास गर्ने भएकाले देशमा गरिबी जतातत्तै र गहिरो जरा गाडेर रहेको पाइन्छ । तसर्थ, गरिबी घटाउने कार्य योजनाकार, दातृसंस्था तथा नागरिक समाज सबैका लागि गम्भीर चिन्ताको विषय बनेको छ । नेपालमा गरिबीका कारणहरूमा आम्दानी र साधनस्रोत तथा अरू मानवविकास सुविधाहरूमा सर्वसाधारणको पहुँच नहुनु, महिला, दलित, पूर्व कमैया, अल्पसंख्यक जाति, आदिबासी समुदाय, असक्त र एड्स संक्रमित मानिसहरूलाई थर, गोत्र, वर्ण, जातीयता, लिङ्ग र धर्मको आधारमा समाजमा भेदभावपूर्ण व्यवहार गरिनु तथा विभिन्न सामाजिक, आर्थिक, साँस्कृतिक तथा राजनैतिक कारणले जनसमुदायमा शक्तिको असमान वितरण हुनु आदि प्रमुख छन् । यी विकृतिहरूले मुलुकमा चालू द्वन्द्वलाई चर्काउन पनि ठूलो भूमिका निर्वाह गरेका छन् । जबकि अर्कोतिर मुलुकको मानव विकास सूचकाङ्क केवल ०.५४ (यू.एन्.डी.पी., विश्व विकास प्रतिवेदन, २००४) मात्र रही १७७ राष्ट्रहरूमा नेपालको स्थान १४०औं रहेको देखिन्छ । मुलुकमा विगत एक दशकदेखि चलिरहेको द्वन्द्वका घटनाहरूले वास्तवमै नेपालको गरिबीलाई झन् भयावह र चिरस्थायी बनाउन मलजल पुऱ्याएको छ ।

नेपाल राष्ट्र ब्याङ्कको पछिल्लो तथ्याङ्कअनुसार आ.व. २०६१/०६२ को प्रथम आठ महिनामा मुलुकको गार्हस्थ्य उत्पादन घटेर ३.६% मा ओर्लिएको छ, जबकि प्रारम्भिक लक्ष्य ४% भन्दा बढी थियो । यसैगरी उक्त अवधिमा भुक्तानी सन्तुलनको वृद्धिदर घटेर गत वर्षको सोही अवधिको रू. १० अरब ९ करोडको दाँजोमा रू. ४ अरब ४० करोड मात्र रहेको छ । त्यस्तै निर्यात पनि गत वर्षको ६.९% बाट घटेर यस वर्ष २.४% मा सीमित हुन पुगेको छ । यद्यपि राजस्व परिचालनतर्फ भने चालू आर्थिक वर्षको प्रथम आठ महिनामा केही सुधार भएको देखिन्छ । रू. ७३ अरब ९२ करोड कुल वार्षिक राजस्व परिचालन गर्ने सरकारको संशोधित अनुमान रहेकोमा प्रथम आठ महिनामा रू. ४६ अरब ३० करोड राजस्व संकलन भएको देखिन्छ जुन गत वर्षको सोही अवधिको तुलनमा ११.७% ले बढी छ* । समष्टिमा भन्नुपर्दा माथि उल्लिखित तथ्याङ्कहरूले चालू आ.व. २०६१/०६२ को प्रथम आठ महिनाको मुलुकको अर्थतन्त्रको निरासलाग्दो स्थितिलाई उजागर गरेका छन् ।

---

* अर्थ मन्त्रालय, श्री ५ को सरकार, मे २००५

## २.२ दशौं योजना/गरिबी निवारण रणनीतिपत्र

दशौं योजनालाई गरिबी निवारण रणनीतिपत्र (PRSP) को रूपमा पनि चिनिन्छ । यो श्री ५ को सरकारको प्रमुख मध्यकालीन रणनैतिक योजना दस्तावेज हो । यो दस्तावेज मूलतः देशमा व्याप्त गरिबीलाई दिगो रूपमा घटाउँदै जाने कुरामा लक्षित छ । गरिबी निवारण रणनीति विभिन्न कुराहरूबाट निर्देशित छ जस्तो कि ग्रामीणमुखी गरिबी न्यूनीकरण रणनीति, छिटो प्रतिफल प्राप्त हुने कार्यक्रमलाई प्राथमिकता, दरिलो रणनैतिक दृष्टि, र लचिलो रणनैतिक दस्तावेज आदि । यो रणनीति पत्रले मुलुकमा आर्थिक क्रियाकलापहरूको सञ्चालन, पूर्वाधार विकास र सेवाप्रवाह जस्ता क्षेत्रहरूमध्ये सम्भव देखिएसम्मका विषयहरूमा निजी क्षेत्र, गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, सामुदायिक संघसंस्थाहरूलाई परिचालन गर्ने कुरामा ठूलो जोड दिएको छ । यस क्रममा माथि उल्लिखित संस्थाहरूले विभिन्न क्षेत्रमा केन्द्रीय तथा स्थानीय सरकार एवं निकायहरूसँग मिलेर साझेदारीमा कार्यक्रम सञ्चालन गर्नसक्ने तथा सरकारलाई विकासकार्यमा सघाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने कुरालाई यो रणनीतिपत्रले स्पष्ट रूपमा उल्लेख गरेको छ ।

गरिबी निवारण रणनीतिपत्रले आ.व. २०५९/०६० मा ३८% को हाराहारीमा रहेको गरिबीको अनुपातलाई दशौं योजनाको अन्तिम वर्ष अर्थात् आ.व. २०६३।०६४ सम्ममा ३०% मा ओराल्ने लक्ष्य राखेको छ । यसका लागि साक्षरता दर ६३% पुऱ्याउने, बाल मृत्युदर प्रतिहजार ४५ मा झार्ने, औसत आयु ६५ वर्ष पुऱ्याउने, खानेपानी सुविधामा ८५% जनताको पहुँच सुनिश्चित गर्ने, ५५% जनतामा विद्युत सेवा पुऱ्याउने तथा अधिराज्यका सम्पूर्ण गाविसहरूमा टेलिफोन सेवा पुऱ्याउने आदि दशौं योजनाका केही क्षेत्रगत लक्ष्यहरू हुन् *(विस्तृत विवरणका लागि अनुसूची १ हेर्नुहोस्)*।

## २.३ दशौं योजना/गरिबी निवारण रणनीतिपत्रका चार आधारस्तम्भहरू

गरिबी निवारण रणनीतिपत्रको एक मात्र उद्देश्य भनेको योजना अवधि (२००२-२००७) मा गरिबीको अनुपातलाई दिगो रूपमा घटाउनु नै हो । यसका लागि योजनाले प्रमुख चार स्तम्भहरू (Four Pillars) लाई रणनीतिका रूपमा अङ्गीकार गरेको छः

- उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि (उ.दि.फ.आ.वृ)
- सामाजिकक्षेत्र (मानव विकास) र ग्रामीण पूर्वाधार विकास (सा.क्षे.ग्रा.पू.वि.)
- सामाजिक समावेशीकरणका लागि लक्षित कार्यक्रमहरू (सा.स.ल.का.)
- सुशासन (सुशा.)

यसमा पहिलो स्तम्भले समेटेका कार्यक्षेत्रहरूमा आय आर्जनका कार्यक्रमहरू, कृषि, सिञ्चाई, वन, भूमि, जलस्रोत आदि क्षेत्रको विकास, लघु वित्तको व्यवस्था, जैविक विविधता तथा पर्यावरण संरक्षण, उद्योग, व्यापार र पर्यटन क्षेत्रको प्रवर्द्धन तथा पूर्वाधारहरूको विस्तार र नीतिगत सुधार आदि छन् । यस स्तम्भले आयमूलक गरिबीलाई सम्बोधन गर्ने प्रयास गरेको छ ।

दोस्रो स्तम्भअन्तर्गत मानव विकासलाई सम्बोधन गर्ने विभिन्न क्षेत्रहरू जस्तै शिक्षा, स्वास्थ्य तथा पोषण, खानेपानी एवं सरसफाइ, पूर्वाधार विकास, क्षमता विकास, जीवनस्तरमा सुधार ल्याउने आधारभूत सेवा तथा सुविधाहरूको प्रवर्द्धन, नीतिगत सुधार आदि समेटिएका छन् । यसले जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने आधारभूत सेवाहरूको विकासमा

योगदान पुऱ्याउने लक्ष्य लिएको छ । यसबाट गरिबीको मानव विकाससम्बन्धी पक्षलाई सम्बोधन गर्ने प्रयास भएको देखिन्छ ।

तेस्रो स्तम्भ सामाजिक समावेशीकरण तथा लक्षित कार्यक्रमहरूले समेट्ने क्षेत्रहरूमा अति विपन्न, सीमान्त वर्गका जनसमुदाय, दुर्गम क्षेत्रका जनता, समाजका उपेक्षित, कमजोर र सुविधाविहीन मानिसहरू जस्तै महिला, दलित, पूर्व कमैया, अशक्त, आदिवासी र अल्पसंख्यक जाति, तथा बेचविखनमा परेका बालबालिकाहरू, भूमिहीनलगायतका सुविधाविहीन जनसमुदायको उत्थान, रोजगारी एवं तिनीहरूको आधारभूत सुरक्षासम्बन्धी विषयहरू पर्दछन् । यसअन्तर्गत विभिन्न लक्षित कार्यक्रमहरूमार्फत् समाजका अति विपन्न तथा राज्यका सुविधाबाट वञ्चित जनताको जीवनस्तरमा सुधार गरी तिनीहरूलाई विकासको मूल धारमा ल्याउन सहयोग पुऱ्याउने आशा लिइएको छ ।

चौथो स्तम्भ सुशासनले भ्रष्टाचार तथा चुहावट नियन्त्रण गर्ने, सार्वजनिक उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गर्ने तथा सार्वजनिक नीति निर्माणमा जनसहभागितालाई प्रवर्द्धन गर्ने जस्ता विषयहरूलाई समेटेको छ । यो स्तम्भ, जुन माथिका अन्य ३ स्तम्भहरूको सफलताको लागि सबैभन्दा महत्वपूर्ण मानिएको छ, मुलुकमा भ्रष्टाचार र चुहावटरहित तथा सार्वजनिक उत्तरदायित्वलाई सुनिश्चित गर्ने विधिसम्मत् र जनउत्तरदायी शासन प्रणाली स्थापना गर्ने दिशामा केन्द्रित छ ।[♣]

समष्टिमा भन्नुपर्दा, माथि उल्लिखित चार आधारस्तम्भहरूको विशेष जोड गरिब, सीमान्त तथा उपेक्षित वर्गका मानिसहरूको जीवनस्तरमा सुधार ल्याउनमा नै केन्द्रित छ । यी चार रणनीतिहरूमार्फत् आयमूलक तथा मानव विकाससम्बन्धी गरिबीलाई उचित सम्बोधन गर्ने र आधारभूत मानव विकास तथा सामाजिक सुविधाहरूबाट वञ्चित एवं जात, जातीयता, वर्ग र लैङ्गिक आदि विभेदका कारण असमाहित जनतालाई विकासको मूल प्रवाहमा समेट्ने प्रयास भएको पाइन्छ ।

## २.४ आधारस्तम्भगत बजेट विनियोजन

श्री ५ को सरकारले गरिबी निवारण रणनीतिपत्रमा उल्लेखभएबमोजिमका चार क्षेत्रमा वार्षिक बजेट विनियोजन गर्दै आएको छ । क्षेत्रगत रणनैतिक विनियोजनका आधारमा पहिलो, दोस्रो, तेस्रो र चौथो आधारस्तम्भअन्तर्गत विनियोजित बजेट क्रमशः रू. १७.८२ अरब, रू. २१.२१ अरब, रू. २.७६ अरब, रू. ५.४१ अरब छ । सरकारले यस वर्षदेखि आफ्नो वार्षिक खर्चलाई विगत वर्षहरूमा जस्तो साधारण र विकास खर्चमा नछुट्याएर चालू, पूँजीगत तथा साँवा भुक्तानी/फिर्ता तीन शीर्षकहरू अन्तर्गत प्रस्तुत गर्न थालेको छ । तसर्थ, आधारस्तम्भगत रणनैतिक विनियोजन भएका बजेट रकमलाई पनि चालू, पूँजीगत र साँवा भुक्तानी खर्च शीर्षकमा बाँडेर हेर्नु स्वाभाविक नै हुनेछ ।

---

[♣] दशौं योजना (२००२-२००७) राष्ट्रिय योजना आयोग, श्री ५ को सरकार, जुलाई २००३




माथिको वृत्तचित्रले कुल अनुमानित रू.४७ अरब २० करोड बजेटमध्ये ४५% सामाजिक क्षेत्र विकासमा, ३८% उच्च दिगो र फराकिलो आर्थिक वृद्धिमा, ११ % सुशासनमा र ६% सामाजिक समावेशीकरण कार्यक्रममा छुट्ट्याइएको तथ्यलाई उजागर गरेको छ ।

दशौं योजनाले गरिबीनिवारणसँग सम्बन्धित प्रमुख विकास क्षेत्रमा छुट्याइएको खर्चसम्बन्धी विवरण पनि उल्लेख गरेको छ । योजनाको शुरुका ३ वर्षमा प्राथमिकता प्राप्त गरिबी निवारणकार्यक्रममा गरिएको खर्च कुल विकास खर्चको करिब ८०% को हाराहारीमा रहेको तथ्य सार्वजनिक भएको छ♥ (अनुसूची-२) ।

## २.५ प्रतिबद्धता जनाइएको रकम र यथार्थ खर्च

यो स्पष्ट छ कि गरिबी निवारण कार्यक्रमहरूका लागि नेपाललाई ठूलो परिमाणमा साधनस्रोतको आवश्यकता छ । गरिबी निवारण आज राष्ट्रिय एजेण्डा नै बनिसकेको छ । यस परिप्रेक्ष्यमा यदि सरकारको वार्षिक विकास कार्यक्रमहरूमा गरिबी निवारणसँग सम्बन्धित कार्यका लागि आवश्यक पर्ने (वाञ्छित स्तरको) परिमाणको लगानी छुट्ट्याउन सकिएन भने यसबाट गरिबी निवारण रणनीतिपत्रले राखेका लक्ष्य तथा उद्देश्य प्राप्ति गर्न गम्भीर नकारात्मक असर पर्ने कुरा निश्चित प्रायः छ ।

यस सन्दर्भमा, यहाँ यो उल्लेख गर्नु आवश्यक छ कि नेपालको विकासका प्रयासहरू सदैव आन्तरिक तथा वैदेशिक साधनस्रोत - जसमा दातृसंस्था तथा अगैससंहरूमार्फत् प्राप्त हुने साधन स्रोत पनि पर्दछन् - बाट सञ्चालन हुँदै आएका छन् । श्री ५ को सरकारको आ.व.२०६१/६२ को आम्दानी तथा खर्चको अनुमानित बजेट विवरणमा, कुल रू. १ खरब ११ अरब ७० करोड अनुमानित खर्चमध्ये रू. ३२ अरब ३१ करोड खर्च वैदेशिक सहायताबाट प्राप्त हुने प्रतिबद्धता दर्शाइएको छ । गरिबी निवारण रणनीतिपत्रका चार प्रमुख क्षेत्रहरूमा

♥ आ.व. २०६१/६२ को आम्दानी र खर्चको विवरण, अर्थ मन्त्रालय, श्री ५ को सरकार, २०६१

अनुदान तथा ऋण दुबै गरी प्राप्त हुने वैदेशिक सहायताको यो रकमको योगदान करिब ६८% हुने देखिन्छ ।

## तालिका १

### श्री ५ को सरकारको आ.व. २०६१/६२ को आय तथा व्ययको विवरण

(रू. अरबमा)

| | | |
|---|---|---|
| कुल खर्च/बजेट | | १११.६९ |
| चालू (वैदेशिक सहायता)<br>साँवा भुक्तानी (वै.स.)<br>पूँजीगत | ६७.६१<br>३१.५८<br>१२.५० | |
| राजस्व सङ्कलन | | ७०.३२ |
| वित्त घाटा | | ४१.३७ |
| वित्त घाटा पूर्ति गर्ने स्रोत<br>१) वै.सहायता<br>क) वै.अनुदान<br>ख) वै. ऋण<br>२) आन्तरिक ऋण | <br><br>१५.३५<br>१६.९६<br> | <br>३२.३१<br><br><br>९.०६ |
| संशोधित वैदेशिक सहायता अनुमान<br>वैदेशिक अनुदान<br>वैदेशिक ऋण | <br>११.३१<br>९.०९ | २०.४० |

*नोट : तालिका २ बाट उद्धृत*

नेपालको समग्र विकासमा वैदेशिक सहायताको योगदान महत्वपूर्ण छ भन्ने जान्दाजान्दै र दातृसंस्थाहरू पहिले प्रतिबद्धता जनाएबमोजिमको वैदेशिक सहायता उपलब्ध गराउन तयार रहँदारहँदै पनि सरकारको वास्तविक विकास खर्चमा कमी आउनु राम्रो कुरा होइन । यसबाट कार्यान्वयन हुने निश्चित भई सकेका आयोजनाहरूमा गम्भीर असर परेको छ । आर्थिक वर्ष २०६१/०६२ को शुरूमा सरकारले वैदेशिक सहायता बापत रू. ३२ अरब ३१ करोड प्राप्त गर्ने अनुमान गरेको थियो । जसमा रू. १६ अरब ९६ करोड ऋणको रूपमा र रू. १५ अरब ३५ करोड अनुदानका रूपमा प्राप्त गर्ने अपेक्षा थियो । यद्यपि सरकारले यो लक्ष्यलाई घटाएर ऋण तथा अनुदानका रूपमा देशमा भित्रिने वैदैशिक सहायतामा ३६% ले कमी हुने गरी संशोधित अनुमान पेश गर्‍यो । वैदेशिक सहायतामा यसरी कटौती हुनुका पछाडि मुलुकमा बढिरहेको द्वन्द्व, अस्थिर राजनैतिक परिस्थिति र दाता समुदायमा विश्वासको कमी आदिलाई प्रमुख कारण मानिएको छ ।♠

♠ द हिमालयन टाइम्स, अप्रिल २२, २००५ काठमाण्डौ

परिणामस्वरूप दातृसमुदायबाट ऋण बापत रू. १६ अरब ९६ करोड र अनुदान बापत रू. १५ अरब ३५ करोड सहायता उपलब्ध गराइने भनी पहिले प्रतिबद्धता जनाइएको सहायता राशिमध्ये वास्तवमा मुलुकलाई प्राप्त हुन आएको सहायता राशि रू. ९ अरब ९ करोड ऋण र रू. ११ अरब ३१ करोड अनुदान गरी कुल रू.२० अरब ४० करोड मात्र हो । यसबाट सरकारले शुरूमा पेश गरेको बजेट अनुमानमा झण्डै रू. १२ अरब बराबरको रकम कम हुन आएको देखिन्छ (तालिका नं. २) ।

वैदेशिक सहायता अन्तर्गत वैदेशिक ऋणको मात्रामा ठूलो कटौती हुनुले गरिबी निवारण तथा सार्वजनिक क्षेत्र सुधारसँग प्रत्यक्ष सरोकार राख्ने IDA/PRSC जस्ता कार्यक्रमहरू प्रभावित हुनेछन् । वैदेशिक सहायता, जसले मुलुकको विकास बजेटको प्रमुख हिस्सा ओगट्छ, त्यसको प्राप्तिमा देखिएको घट्दो प्रवृत्तिले गरिबी निवारण रणनीतिपत्रसँग सम्बन्धित सबै कार्यक्रमहरूलाई प्रभावित गर्नेछ । अन्ततोगत्वा यसबाट गरिबी घटाउने दशौं योजनाको मूल उद्देश्य पनि प्रभावित हुनसक्ने देखिन्छ ।

## तालिका २
## आ.व. २०६१/६२ को संशोधित बजेट अनुमान

(रू. दश लाखमा)

| विवरण | अतिरिक्त बजेटसमेत गरी कुल खर्च | प्रथम ६ महिनाको यथार्थ खर्च | संशोधित अनुमान | संशोधित अनुमान (प्रतिशतमा) |
|---|---|---|---|---|
| कुल राजस्व | ७३९२० | २९८३५ | ७२७०३ | ९८.४ |
| कर राजस्व | ५५९७० | २४५६० | ५५५५० | ९९.३ |
| गैरकर राजस्व | १५९५० | ५०५७ | १५१५२ | ९५.० |
| साँवा फिर्ता प्राप्ति | २००० | २१८ | २००० | १०० |
| कुल खर्च | ११५२९० | ३६९९८ | १०२१७० | ८८.६६ |
| चालु खर्च | ७००९८ | २५८११ | ६४९२४ | ९२.६ |
| पूँजीगत खर्च | ३२६८७ | ६८०५ | २४८४२ | ७६.० |
| साँवा भुक्तानी | १२५०४ | ४३८३ | १२४०४ | ९९.२ |
| वै.अनुदानअघिको | -४१३७० | .-७१६३ | -२९४६७ | ७१.२ |
| बचत (+) न्यून (-) | १५३५१ | ४३३० | ११३११ | ७३.६७ |
| वै.अनुदानपछिको बचत (+) न्यून (-) | २६०१९ | -२८३३ | -११३११ | ७२.१ |
| वित्त घाटा पूर्तिका स्रोतहरू | -२६०१९ | ३८१६ | -१८१५६ | ७२.१ |
| वैदेशिक ऋण | १६९६० | १६१६ | ९०९६ | ५७.२ |
| आन्तरिक ऋण | ९०६० | २२०० | ९०६० | १०० |
| नगद मौज्दातमा परिवर्तन बचत (+) न्यून (-) | ० | ९८३ | ० | ० |

स्रोत : आ.व.२०६१/६२ को बजेटको मध्यावधि मूल्याङ्कन प्रतिवेदन, अर्थमन्त्रालय, श्री ५ को सरकार, २०६१ फाल्गुन

## ३.० अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको गरिबी निवारण रणनीतिपत्रमा योगदानको समीक्षा

### ३.१ अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ, नेपालको संक्षिप्त सिंहावलोकन

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संघ, नेपाल (AIN), नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको अनौपचारिक सञ्जाल हो । यसको स्थापना सन् १९९४ मा भएको हो । यो संघ सदस्य संस्थाहरूबीच पारस्परिक समझदारी अभिवृद्धि गर्ने र एक आपसमा सूचना आदान प्रदान गर्ने उद्देश्यले स्थापित भएको हो । यसका अलावा आफूहरूले सञ्चालन गर्ने विकास कार्यबाट समाजका गरिब तथा असमाहित जनतामा पर्ने प्रभावलाई अझ सुधार गर्ने प्रयोजनका लागि नेपालमा विकासका क्षेत्रमा कार्य गर्दा प्राप्त अनुभवलाई एक अर्कासित आदान-प्रदान समेत गर्ने उद्देश्यले यो संघ गठन गरिएको हो । अगैससंसं आफ्नो सम्पूर्ण शक्ति तथा साधनस्रोतहरू चालू द्वन्द्वबाट प्रभावित जनताका साथै नेपालका सम्पूर्ण उपेक्षित जनताका निम्ति खर्च गर्न प्रतिबद्ध छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालको विकासका विभिन्न क्षेत्रमा विगत ५ दशकदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् ।

अहिले ५२ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू यो संस्था (AIN) सित आबद्ध छन् । यस बाहेक अरू ६० देखि ७० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मुलुकका हिमाली, पहाडी तथा तराई क्षेत्रका जिल्लामा विभिन्न प्रकारका विकासात्मक गतिविधिहरू सञ्चालन गर्न सक्रियरूपमा सहभागी भइरहेका छन् । यिनीहरूले समेटेका कार्यक्षेत्रहरू हुन् : कृषि, वातावरण, असक्त सेवा, निर्माण/इन्जिनियरिङ्ग, सरसफाइ, उद्धार एवं शरणार्थीहरूको पुनःस्थापना, प्रकोप व्यवस्थापन, आन्तरिक रूपमा विस्थापित जनसमुदाय, मानवाधिकार, बालबालिका, अल्पसंख्यक जाति, आर्थिक एवं व्यापार विकास, लघु वित्त, बचत तथा ऋण परिचालन, सुशासन, सञ्चार, सामाजिक परिचालन, द्वन्द्व व्यवस्थापन र शान्ति स्थापना, गरिबी निवारण आदि ।

### ३.२ अगैससंसं नेपालको सन् २००५ को वार्षिक बजेट

गरिब तथा उपेक्षित जनताको जीवनस्तरमा सुधार ल्याउने लक्ष्यले आम्दानी सिर्जना, पूर्वाधार विकास तथा आधारभूत सेवाहरूको व्यवस्थाका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले वर्षेनी ठूलो परिमाणमा साधनस्रोतहरू खर्च गर्दै आएका छन् । उपलब्ध सूचनाका आधारमा  यो तथ्य उद्घाटित हुन्छ कि अगैससंहरूले वर्षेनी गर्ने खर्च विगत केही वर्षयता महत्वपूर्ण रूपमा वृद्धि हुँदै आइरहेको छ । मुलुकको अनिश्चित राजनैतिक वातावरणका कारण कतिपय संस्थाहरूले असुरक्षा महसूस गरी आफ्ना कार्यक्रमहरू कटौती गरे तापनि अगैससंहरूले सन् २००५ का लागि छुट्ट्याएको कुल बजेट उच्च नै रहनुले साधन परिचालनमा भएको वृद्धिलाई सङ्केत गर्दछ । साथै यसले नेपाललाई आफ्ना नियमित विकास कार्यक्रमहरूलाई निरन्तरता दिन मात्र होइन आन्तरिक विस्थापन, बढ्दो द्वन्द्व र यसका नकारात्मक प्रभाव तथा पुनः उपचार एवं द्वन्द्व समाप्ति पछि गर्नुपर्ने कार्यहरूलाई समेत दृष्टिगत गर्दा, यी सबै विषयलाई उचित सम्बोधन गर्न मुलुकमा बढीभन्दा बढी स्रोतसाधनहरू आवश्यक पर्ने औंल्याएको  छ ।

तालिका ३ ले देखाएको छ कि सन् २००५ मा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको बजेट अनुमानमा १५% ले वृद्धि भई रू. ६ अरब ६६ करोड पुगेको छ । जबकि सन् २००४ मा यिनीहरूले गरेको यथार्थ खर्च रू. ५ अरब ४१ करोड मात्र थियो । सन् २००५ का लागि अनुमानित कुल बजेटमध्ये रू. ४ अरब ८७ करोड सम्बन्धित दाताहरूबाट मुलुक बाहिर

गरिने स्रोत परिचालनबाट र रू. १ अरब ७९ करोड स्वदेशभित्र गरिने स्रोत परिचालनबाट जुटाइने छ । यसमा देश बाहिरबाट हुने स्रोत परिचालनको अंश कुल बजेटमा करिब ७३ % र देशभित्रबाट हुने स्रोत परिचालनको अंश २७% रहेको छ (तालिका नं. ३) ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कुल अनुमानित बजेटको करीब ८० देखि ८५% रकम कार्यक्रम तथा पूँजीगत खर्चका लागि व्यय हुने गरेको छ भने करिब १५ देखि २०% रकम प्रशासकीय खर्च पूरा गर्न व्यय हुने गरेको देखिन्छ ।

### तालिका ३
### अगैससंहरूको सन् २००४ र सन् २००५ को वार्षिक खर्च र बजेट अनुमान

(रू. अरबमा)

| २००४ को खर्च | २००५ को बजेट अनुमान | | कुल |
|---|---|---|---|
| | देश बाहिरको परिचालन | देशभित्रको परिचालन | |
| ५.४१ | ४.८७ | १.७९ | ६.६६ |

प्रस्तुत विश्लेषण ५० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त सूचनाको आधारमा गरिएको हो । मुलुकमा यस्ता प्रकृतिका अन्य थुप्रै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू पनि भएको तथा तिनीहरूले आफ्नो आर्थिक कारोबार आफ्नो छुट्टै आर्थिक वर्षको आधारमा राख्ने गरेको सन्दर्भमा सहजै यो निष्कर्ष निकाल्न सकिन्छ कि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले यस अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको भन्दा धेरै बढी स्रोत तथा साधनहरू मुलुकमा भिœयाई रहेका छन् । यसको अर्थ नेपालको विकासमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको योगदान निश्चय पनि अर्थपूर्ण र दरिलो छ भन्ने हो ।

### ३.३ गरिबी निवारण रणनीतिपत्रको लक्ष्यका सन्दर्भमा अगैससंसं नेपालका कार्यक्रमहरू

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालमा सञ्चालन गर्ने कार्यक्रमहरू जनतामा केन्द्रित छन् र यी कार्यक्रमहरू स्थानीय गैरसरकारी संस्था तथा सामुदायिक संस्थासित साझेदारीमा कार्यान्वयन गर्ने गरिएका छन् । यो संघ अन्य गठबन्धन, सञ्जाल, मञ्च तथा श्री ५ को सरकार र निजी क्षेत्र समेतका विकासकर्मीहरूसित हातेमालो गर्दै पहिचान गरिएका क्षेत्रमा उचित रूपमा सहकार्य गर्न पनि क्रियाशील छ । संघले नेपालमा आफ्ना कार्यक्रमहरू मुलुकको ग्रामीण तथा अर्ध-शहरी क्षेत्रमा आर्थिक क्रियाकलापहरूको प्रवर्द्धन, पूर्वाधार विकास तथा विभिन्न सामाजिक सेवाहरू विस्तार गर्ने कार्यमा केन्द्रित गर्दै आएको छ ।

मुलुकको बिग्रँदो सामाजिक, आर्थिक एवं राजनैतिक परिस्थितिमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले कृषि, सिञ्चाई, वन तथा भू-संरक्षण, जलस्रोत, खाद्य सुरक्षा, वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य र पोषण, खानेपानी तथा सरसफाइ, क्षमता विकास एवं अन्य सुविधा विस्तारका क्षेत्रमा संलग्न रही जनताको जीवनस्तरमा सुधार ल्याउन गरेका कार्यहरू महत्वपूर्ण साबित भएका छन् । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका विभिन्न विकासात्मक कार्यक्रमहरू गरिब, उपेक्षित, सीमान्त क्षेत्रका र असमाहित जनताहरू जस्तो कि महिला, बालबालिका, दलित, पूर्व कमैया, भूमिहीन, मोही, शहरी गरिब, एच.आई.भी.तथा एड्सबाट संक्रमितहरू, द्वन्द्व तथा प्राकृतिक प्रकोप पीडितहरू, अल्पसंख्यक तथा आदिबासी

जाति र असक्त एवं यस्तै अन्य जनतासाथै रहेका छन् र यी संस्थाहरू तिनीहरूकै हितका निम्ति सञ्चालित हुन् । यी कार्यक्रमहरूले अभाव, असमानता, शक्तिहीनता जस्ता क्षेत्रलाई सम्बोधन गरेकाले यसबाट अप्रत्यक्षतः मुलुकमा विद्यमान द्वन्द्वलाई पनि सम्बोधन गर्ने प्रयास भएको छ भन्न सकिन्छ । गरीब र असमाहित जनतासितको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको यस प्रकारको संलग्नताले अन्ततः मुलुकलाई दिगो मानव विकासयुक्त समाजतर्फ अघि बढ्न सघाउ पुऱ्याउने छ भनी दाबी गर्नु अस्वाभाविक नहोला ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, आफूहरूले तत्काल सञ्चालन गरिरहेको कार्यक्रम क्षेत्र बाहिरका गरिब तथा असमाहित जनतालाई फाइदा पुऱ्याउनका निम्ति नीतिगत वकालत कार्यमा पनि संलग्न रहँदै आएका छन् । यस क्रममा उनीहरूको जोड पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता लगायतका शासकीय सुधार जस्ता सबालमा केन्द्रित रहेको देखिन्छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले अन्य कार्यहरूसँगै सामाजिक तथा मानवीय पक्षहरूमा सुधार गर्न सञ्चालन गर्दै आएका कार्यक्रमहरू जस्तै, साक्षरता दरमा वृद्धि गर्ने, बालमृत्युदर घटाउने, आम्दानी तथा साधनहरूमाथि पहुँच तथा नियन्त्रण बढाउने, जीवनावधि लम्ब्याउने, उत्पादकत्व तथा उत्पादन बढाउने आदि गरिबी निवारण रणनीतिपत्रको दृष्टिले महत्वपूर्ण छन् ।

गरिबी निवारण रणनितिपत्रको सर्वोपरि उद्देश्य गरिबी घटाउनु भएको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सञ्चालन गरेका कार्यक्रमहरू अत्यन्त महत्वपूर्ण छन् किनकि नेपालमा दिगो विकास हासिल गर्ने सन्दर्भमा यिनीहरूले आफ्ना कार्यक्रमहरूलाई प्राथमिकताका साथ गरिबी निवारणमा नै केन्द्रित गर्दै आएका छन् । यी संस्थाहरूका कार्यक्रमहरू सरकारी, गैरसरकारी संस्था तथा सामुदायिक संस्थाहरू, उपभोक्ता समूह, गठबन्धन, सञ्जाल तथा विभिन्न मञ्चहरूसित मिलेर राष्ट्रिय, क्षेत्रीय तथा स्थानीयस्तरमा सञ्चालित हुन्छन् । गरिबी निवारण रणनीतिपत्रले मुलुकको विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू एवं सामुदायिक संस्थाको महत्वलाई स्पष्टरूपमा उल्लेख गरिसकेको अवस्थामा तथा सरकार र यी संस्थाहरूबीच सबै तहमा सहकार्य हुनु आवश्यक भएको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गरिबी निवारण रणनीतिपत्रका विभिन्न क्षेत्रका लक्ष्यहरू हासिल हुने गरी आफ्ना कार्यक्रमहरू केन्द्रित गर्दै आएका छन् ।

यस क्रममा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका कार्यक्रमहरू र गरिबी निवारण रणनीतिपत्रका लक्ष्य तथा कार्यक्रमहरूबीचको सम्बन्ध केलाउनु महत्वपूर्ण हुन आउँछ । श्री ५ को सरकारले आ.व. २०६१/०६२ मा कुल रू. ४७ अरब २० करोड बजेट गरिबी निवारण रणनीतिपत्रका आधारमा क्षेत्रगत रणनैतिक विनियोजन गरेको छ जबकि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सो रणनीतिपत्र अन्तर्गत विभिन्न कार्यक्रमहरूका लागि सन् २००५ मा रू. ६ अरब ६० करोड रकम छुट्याएका छन् । यसप्रकार गरिबी निवारण रणनीतिपत्रसित सम्बन्धित कार्यक्रमका लागि सरकारी तहबाट भएको क्षेत्रगत रणनैतिक बजेट विनियोजनमा १४% को हाराहारीमा योगदान गरेर अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गरिबी घटाउने प्रयासमा सरकारलाई प्रत्यक्ष रूपमा सघाइरहेका छन् ।

### ३.४ गरिबी निवारण रणनीतिपत्रका विभिन्न क्षेत्रमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा विनियोजित साधनस्रोत

माथि परिच्छेद २.०४ ले सरकारद्वारा आ.व. २०६१/६२ मा गरिबी निवारण रणनीतिपत्रका चार आधारस्तम्भहरूमा गरिएको बजेट विनियोजनबारे प्रकाश पारेको छ भने यस परिच्छेदले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा सन् २००५ मा सोही कार्यक्रमहरूमा छुट्ट्याइएको बजेट विश्लेषण प्रस्तुत गर्दछ । तलको स्तम्भचित्रले अगैससंहरूको सन् २००५ को कुल बजेट रू. ६ अरब ६६ करोडमध्ये, पहिलो स्तम्भ- उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिका लागि रू.१ अरब ५४ करोड, दोस्रो स्तम्भ- सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकासका लागि रू. ३ अरब १७ करोड, तेस्रो स्तम्भ- लक्षित कार्यक्रम/सामाजिक समावेशीकरणका लागि रू. १ अरब २१ करोड र चौंथो स्तम्भ- सुशासनका लागि रू. ४२ करोड विनियोजन भएको देखाएको छ । प्रतिशतका आधारमा हेर्दा, पहिलो, दोस्रो, तेस्रो र चौंथो स्तम्भका लागि विनियोजित बजेट क्रमशः २३.३%, ४८%, १८.३ % र ६.४% हुनआउँछ । माथिको खर्चबाट अगैससंहरूको संलग्नता आधारभूत सेवाहरू जस्तै शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी र सरसफाइ, पूर्वाधार तथा आर्थिक विकास क्रियाकलापहरू जस्तै कृषि, सिञ्चाई, वन, खाद्य सुरक्षा तथा आय आर्जन आदिमा उच्च रहेको पाइन्छ । यी संस्थाहरूको दोस्रो तथा तेस्रो ठूलो लगानी फराकिलो आर्थिक वृद्धि र सामाजिक समावेशीकरण कार्यक्रमका निम्ति भएको देखिन्छ । सरकारले जस्तै यी संस्थाहरूले पनि दशौं योजनाको चौंथो स्तम्भ सुशासनका लागि भने सबैभन्दा कम बजेट छुट्ट्याएको पाइन्छ ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघले गरिबी निवारण
रणनीतिपत्रका चार आधार स्तम्भहरूमा विनियोजन
गरेको बजेट (२००५)




आ.व. २०६१/६२ मा पहिले कबुल गरेको कुल वैदेशिक सहायतामा (ऋण र अनुदान दुबै गरी) झण्डै रू.१२ अरबले कटौती भएको तथ्य तालिका २ ले प्रस्तुत गरेको छ । यसो भए तापनि अगैससंहरू विकासका विस्तृत विषय र क्षेत्रमा काम गर्ने संस्था भएको कारण तथा वास्तविक खर्च (कबुल गर्ने मात्र होइन) का माध्यमले विकास कार्यमा आफ्नो अंश वृद्धि गर्दै जान प्रतिबद्ध भएको अवस्थामा यिनीहरूले वैदेशिक सहायतामा भएको कटौतीबाट

विकासमा पर्नजाने नकारात्मक असरहरूलाई न्यून गर्नेतर्फ राम्रो प्रयास गर्नसक्छन् । यो कुरा उनीहरूको वर्षैपिच्छे वृद्धि हुँदै गएको साधनस्रोत (जसबारे माथिका परिच्छेदहरूमा उल्लेख गरिसकिएको छ) तथा उनीहरूले विकासका महत्वपूर्ण क्षेत्रहरू जस्तै - सामाजिक समावेशीकरण एवं सामाजिक क्षेत्र विकास (जसबारे तल चर्चा गरिनेछ) का निम्ति देखाएको निरन्तर प्रतिबद्धता र उपलब्ध गराउँदै आएको सहयोगबाट पनि पुष्टि हुन्छ ।

तालिका ४ मा श्री ५ को सरकारबाट गरिबी निवारण रणनीतिपत्रका लागि विनियोजित कुल बजेट - जसमा वैदेशिक सहायताको पनि महत्वपूर्ण हिस्सा समाविष्ट छ - मा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको योगदान करिब १४ % छ । श्री ५ को सरकारले विभिन्न ४ आधारस्तम्भमा विनियोजन गरेको खर्चसँग तुलना गरेर हेर्ने हो भने यिनीहरूले सबैभन्दा ठूलो अंश सामाजिक समावेशीकरणका लागि (४४%), र त्यसपछि दोस्रो ठूलो अंश सामाजिक क्षेत्र विकासका लागि छुट्याएको देखिन्छ । दिगो र फराकिलो आर्थिक वृद्धि तथा सुशासनका लागि सरकारको तर्फबाट विनियोजित बजेटमा यी संस्थाहरूको अंश दुबैमा बराबर ८% को हाराहारीमा छ । अगैससंहरूबाट विकास खर्चमा हुने योगदानको लेखाजोखा उनीहरूले गर्ने यथार्थ खर्चको आधारमा नभएर सरकारबाट कबुल गरिएको बजेटको आधारमा हुने गरेको छ । यसले अगैससंहरूको यथार्थ योगदानलाई प्रतिबिम्बित गर्दैन । यस तथ्यको आधारमा विश्लेषण गर्दा अगैससंहरूले यी ४ आधारस्तम्भअन्तर्गत प्रत्येकमा गर्ने यथार्थ खर्च जुन यहाँ देखिन आएको छ वास्तवमा त्यो भन्दा धेरै बढी हुने कुरा सहजै अनुमान गर्न सकिन्छ । सबैभन्दा मुख्य कुरा, सामाजिक असमाहीकरण तथा सामाजिक क्षेत्रको विकासद्वारा जनतालाई आधारभूत सुविधा उपलब्ध गराउने कार्यमा देखिएको सरकारको असमर्थतालाई मुलुकमा चालू द्वन्द्वका केही प्रमुख जिम्मेवार कारण मानिएको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले यी दुई क्षेत्रको विकासको ठूलो अंश व्यहोर्नु ज्यादै सामयिक र सान्दर्भिक कुरा हो ।

### तालिका ४
### गरिबी निवारण रणनीतिपत्रका लागि श्री ५ को सरकार तथा अगैससंहरूबाट विनियोजित कुल साधन

(रू. अरबमा)

| | कुल बजेट | प्रथम स्तम्भ* | दोस्रो तम्भ* | तेस्रो स्तम्भ* | चौथो स्तम्भ* |
|---|---|---|---|---|---|
| श्री ५ को सरकारको योगदान[1] | ४७.२ | १७.८२ | २१.२१ | २.७६ | ५.४१ |
| सरकारको योगदानमा अगैससंहरूको अंश (रूपैयाँ र प्रतिशतमा)[2] | ६.६६ (१४%) | १.५४ (८%) | ३.१७ (१५%) | १.२१ (४४%) | ०.४२ (८%) |

नोटहरू :

१ श्री ५ को सरकारको गरिबी निवारण रणनीतिपत्र माथिको योगदान ठूलो परिमाणमा वैदेशिक सहायताबाट पूर्ति हुँदै आएको छ जुन करिब रू.३२ अरब ३१ करोड जति छ ।

२ यसमा श्री ५ को सरकारबाट आ.व.२०६१/६२ मा र अगैससंहरूबाट सन् २००५ मा प्रशासकीय खर्चका लागि विनियोजित रकम रू. ३२ करोड पनि समावेश छ ।

* गरिबी निवारण रणनीतिपत्रका चार आधारस्तम्भहरूलाई जनाउँछ ।

अन्त्यमा, विकासका विस्तृत क्षेत्रमा देखिएको अगैससंहरूको संलग्नता, यिनीहरूले मुलुकमा भिœयाई रहेको साधनस्रोत, वर्षैपिच्छे साधनस्रोतको परिमाण वृद्धि गर्दै जान गरेका सफल प्रयासहरू तथा नेपालको सामाजिक एवं आर्थिक पक्षमा देखा परेका सकारात्मक परिवर्तनहरूलाई दृष्टिगत गर्दा यो निक्र्यौलमा पुग्न सकिन्छ कि नेपालमा यी संस्थाहरू मुलुकको गरिबी घटाउने कार्यमा अरू निकायहरूबाट भएका कार्यमा सघाउन निकै प्रतिबद्ध, संवेदनशील र इच्छुक छन् ।

## ४.० गरिबी न्यूनीकरण कार्यक्रममा प्रभाव

विगत केही वर्षयतादेखि सरकारले गरिबी निवारण रणनीतिपत्रसम्बन्धी कार्यक्रमका लागि ठूलो परिमाणमा बजेट विनियोजन गर्दै आएको छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू तथा निजी क्षेत्रले पनि दशौं योजनाको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउन आफ्ना साधनस्रोत गरिबी निवारण रणनीतिपत्रसँग सम्बन्धित कार्यहरूमा खासगरी गरिबी घटाउने कार्यमा लगाउँदै आएका छन् ।

दशौं योजनाले गरिबीको कुल अनुपातलाई ३८% बाट ३०% मा ओराल्ने लक्ष्य लिएको छ । नेपालमा गरिबीको मात्रा शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा धेरै बढी छ । ग्रामीण क्षेत्रका जनताहरूका लागि आम्दानी, आर्थिक साधनस्रोतहरू तथा अरू विकास सुविधाहरूको अभाव नै मुलुकको हालको गरिबीको प्रमुख जिम्मेवार तत्व हो । यस कारणले नै सरकारले गम्भीरताका साथ गरिबी निवारण रणनीतिपत्र कार्यान्वयनमा ल्याएको हो ताकि मुलुकमा विद्यमान गरिबीलाई उचित सम्बोधन गर्न सकियोस् । त्यसैले मुलुकमा हालसम्म गरिबी निवारणका लागि खर्च गरिएका साधनस्रोतका प्रभावबारे लेखाजोखा गर्नु सान्दर्भिक नै हुनेछ । यद्यपि गरिबी घटाउने क्रममा गरिबी निवारण रणनीतिपत्रबाट परेका वास्तविक प्रभावहरू हेर्न भने दशौं योजनाको बाँकी दुई वर्षको कार्यान्वयन अवधि पर्खनु पर्नेछ ।

केन्द्रीय तथ्याङ्क विभाग र रायोआद्वारा गरिएको नेपाल जीवनस्तर सर्वेक्षणको पछिल्लो तथ्याङ्कअनुसार♦ गरिबीको अनुपात घटाउने सम्बन्धमा हासिल भएका केही उल्लेखनीय प्रगतिहरू निम्नानुसार छन् :

- सन् १९९५/९६ मा ४६% को हाराहारीमा रहेको गरिबीको अनुपात घटेर सन् २००३/०४ मा ३१% भएको छ ।
- सन् १९९५/९६ र २००३/०४ को बीचमा गरिबीको गहनता ग्रामीण क्षेत्रमा ८ प्रतिशत विन्दुले (४३% बाट ३५%) र शहरी क्षेत्रमा १२ % विन्दुले (२२% बाट १०%) घटेको छ ।
- सोही अवधिमा गरिबीको अन्तरमा पनि सकारात्मक सुधार आएको छ । गरिबहरू गरिबीको रेखा नजिक पुगेका छन् ।
- यद्यपि दुई सर्वेक्षणबीच खर्चको असमानताको दूरी भने व्यापक रूपमा बढ्न गएको देखिन्छ । जस्तो कि १९९५/९६ मा ०.३४ मापन गरिएको गिनी कोफिसिएन्ट सन् २००३/०४ मा बढेर ०.४१ हुन पुगेको देखिन्छ ।

गरिबीको मात्रा राष्ट्रिय र ग्रामीण एवं शहरी दुबै स्तरमा घट्नुका पछाडि मुलुकमा अप्रत्यासित मात्रामा भित्रिएको वैदेशिक आर्जनका अलावा, समाजका गरिब तप्काका मानिसहरूका लागि सञ्चालित कार्यक्रमहको प्रभावकारिता, यी कार्यक्रमहरूका लागि दातृसमुदाय, सरकार, अगैससं, निजी क्षेत्र र गैससं तथा यस्तै अरू संस्थाद्वारा पर्याप्त साधनहरूको व्यवस्था हुनु, तथा यिनीहरूले मुलुकमा गम्भीरता र प्रभावकारी रूपमा विकास कार्यहरूलाई कार्यान्वयन गर्न गरेका निरन्तर प्रयास आदिलाई प्रमुख कारण मान्न सकिन्छ ।

यद्यपि गरिबी घटाउने दिशामा अझै केही त्यस्ता सबालहरू बाँकी नै छन् जसले यी सबालहरूमा सरकार एवं अन्य संस्थाहरूको निरन्तरता सहितको प्रतिबद्धता माग गर्दछन् ।

---

♦ राष्ट्रिय योजना आयोगको सचिवालय, केन्द्रीय तथ्याङ्क विभाग, मे २००५

शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा गरिबीको प्रतिशत अझै उच्च रही रहनु र धनी तथा गरिबबीचको असमानताको दूरी दिनानुदिन फराकिलो हुँदै जानुले माथिको कुरालाई समर्थन गर्दछ । परिणामस्वरूप, नेपालजस्तो मुलुक जहाँ अधिकांश जनता अझै ग्रामीणक्षेत्रमा बसोबास गर्दछन् र जहाँका जनतालाई उत्पादनशील साधनहरूमाथिको पहुँच र नियन्त्रण सुनिश्चित गर्न कठिन छ, त्यहाँ छोटो अवधिमा गरिबी निवारण गर्ने कुरा सम्भव देखिँदैन ।

अन्त्यमा, गरिबीसँग जुध्न मुलुकको आन्तरिक साधनहरू पर्याप्त छैनन् तसर्थ विकास बजेटको ठूलो अंश नियमित रूपमा वैदेशिक सहायताबाट व्यहोर्नु पर्ने स्थिति छ । यस परिवेशमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा अन्य विकास संस्थाहरूको पनि गरिबी निवारण रणनीतिपत्रसम्बन्धी कार्यक्रमहरूमा निरन्तर सहभागिता रहनु निःसन्देह जरूरी हुनआएको छ किनकि यिनीहरूले विगत धेरै वर्षदेखि सरकारलाई गरिबी घटाउने प्रयासमा महत्वपूर्ण रूपमा सघाउँदै आएका छन् ।

*अनुसूची १*

## दशौं योजनाका प्रमुख लक्ष्य सूचकाङ्कहरू

| विवरण | नवौं योजनाको अन्त्य सम्मको स्थिति | दशौं योजना | |
|---|---|---|---|
| | | अपेक्षित वृद्धि दरमा | न्यून वृद्धिदरमा |
| गरिबीको समष्टिस्तर (जनसंख्या प्रतिशतमा) | ३८ | ३० | ३३ |
| गार्हस्थ्य उत्पादनमा यथार्थ वृद्धि (साधनको लागतमा) | ३.६ | ६.२ | ४.३ |
| ▪ कृषि | ३.३ | ४.१ | २.८ |
| ▪ गैरकृषि | ३.९ | ७.५ | ५.२ |
| प्रतिव्यक्ति आयमा वृद्धि | १.३ | ४.१ | २.२ |
| सामाजिक विकाससम्बन्धी लक्ष्यहरू | | | |
| ▪ शिशु मृत्युदर (प्रतिहजारमा) | ६४.२ | ४५.० | ४७.० |
| ▪ कुल प्रजनन दर (प्रतिशतमा) | ४.१ | ३.५ | ३.६ |
| ▪ मातृ मृत्युदर (प्रति लाखमा) | ४१५ | ३०० | ३.५ |
| ▪ परिवार नियोजन साधन प्रयोगकर्ता (प्रतिशतमा) | ३९.३ | ४७.० | ४६.० |
| ▪ तालिमप्राप्त जनशक्तिबाट प्रसूति सेवा (प्रतिशतमा) | १३.० | १८.० | १७.० |
| ▪ औसत आयु (वर्ष) | ६१.९ | ६५.० | ६४.० |
| ▪ जनसंख्या वृद्धिदर | २.२५ | २.१ | २.१ |
| ▪ प्राथमिक शिक्षा खूद भर्ना (६ वर्षमाथि, प्रतिशतमा) | ८०.४ | ९०.० | ८९.० |
| ▪ साक्षरता (१५ वर्षमाथिका, प्रतिशतमा) | ४९.२ | ६३.० | ६१.० |
| ▪ महिला साक्षरता (१५ वर्षमाथिका, प्रतिशतमा) | ३५.६ | ५५.० | ५३.० |
| ▪ खानेपानी सुविधा (लाभान्वित जनसंख्या, प्रतिशतमा) | ७१.६ | ८५.० | ८३.० |
| ▪ मानव विकास सूचकाङ्क (मा.वि.सू) | ०.४६६ | ०.५१७ | ०.५१२ |
| ▪ मानव गरिबी सूचकाङ्क (मा.ग.सू.) | ३९.२ | ३४.० | ३४.५ |
| भौतिक पूर्वाधार सम्बन्धी लक्ष्यहरू | | | |
| ▪ सडक पुगेका जिल्लाहरू | ६० | ७० | ७० |
| ▪ सिन्चाई सेवा उपलब्ध क्षेत्र (हजार हेक्टरमा) | ११२१.४ | १४१७.० | १३७५.० |
| ▪ टेलिफोन सेवा वितरण (प्रति हजार जनसंख्या) | १४.० | ४०.० | ३६.० |
| ▪ टेलिफोन सेवा पुगेको गा.वि.स. | १,७६१ | सबै | ३५९० |
| ▪ कम्प्युटर नेटवर्क जडान भएको गा.वि.स. | - – | १५०० | १२७५ |
| ▪ विद्युत् सेवा पुगेको जनसंख्या (प्रतिशतमा) | ४० | ५५ | ५३ |
| ▪ विद्युत् सेवा उपलब्ध हुने गा.वि.स. | १६०० | २६०० | २४५० |
| ▪ कृषि तथा ग्रामीण सडक (कि.मि.) | - – | १०,००० | ८५०० |

*स्रोत : दशौं योजना/गरिबी निवारण रणनीतिपत्र, रायोआ जुलाई २००३*

*अनुसूची २*

## गरिबी निवारणसँग सम्बन्धित मुख्य खर्चहरू

(रू. अरबमा)

| क्षेत्र | आ.व.२०६१/६२ को प्रक्षेपण |
|---|---|
| **शिक्षा** | |
| ■ आधारभूत तथा प्राथमिक शिक्षा, छात्रवृत्ति र महिला शिक्षा | २.८३ |
| **स्वास्थ्य** | |
| ■ आधारभूत स्वास्थ्य र परिवार नियोजन सेवा | १.९७ |
| **खानेपानी आपूर्ति तथा सरसफाइ** | ९.९३ |
| **ग्रामीण विद्युतीकरण** | |
| ■ ग्रामीण विद्युतीकरण तथा वैकल्पिक ऊर्जाको वितरण | २.४२ |
| **कृषि** | |
| ■ कृषि उत्पादकत्व वृद्धि, बाली विकास, अनुसन्धान, प्रसार र तालीम | २.७३ |
| **सिञ्चाई** | २.९८ |
| **आय आर्जनसम्बन्धी वनजन्य क्रियाकलाप** | ०.१७ |
| **ग्रामीण पूर्वाधार विकास** | ६.५३ |
| **स्थानीय निकायलाई अनुदान** | ३.४२ |
| **सीप विकास** ( शिक्षा, उद्योग तथा श्रम मन्त्रालयको मात्र) | ३.२८ |
| **गरिबी निवारण कोष** | १.० |
| **लघु कर्जा** | २.०८ |
| **कुल** | ३९.३४ |
| **कुल विकास बजेट** | ४९.१ |
| (गरिबी निवारणका लागि प्राथमिकतामा परेको खर्चको प्रतिशत) | ८०.१ |

*स्रोत : दशौं योजना/गरिबी निवारण रणनीतिपत्र, रायोआ, जुलाई २००३*